## बैठक संख्या - ११

आज मिति २०७८ साल माघ महिनाको ११ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखरेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखरेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री सम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृतस्तर छैठौं, सा.प्र.

बैठक संख्या : ११

## मिति २०७९/१०/११ गतेको गाउँकार्यपालिको बैठकका प्रस्तावहरू

१. गत आ.व. मा भए गरेका कार्यसम्पादनहरूको स्व-मुल्याङ्कनको नतिजा अनुमोदन सम्बन्धमा ।

२. गढवा गाउँपालिकाको वडा तहबाट हुन थालेको राष्ट्रिय परिचय पत्र वितरणका लागि विवरण संकलन कार्य व्यवस्थापन तथा सो को लागि स्थानीय तहले गर्नुपर्ने आर्थिक तथा अन्य व्यवस्थापन सम्बन्धमा ।

३. गढवा गाउँपालिकाका स्वास्थ्य संस्थाबाट प्रदान गरिने एक्स रे सेवाको व्यवस्थापनका लागि शुल्क लिने कि निशुल्क गर्ने सम्बन्धमा ।

४. चालु आ.व. का लागि महिला तथा बालबालिका शाखाको कार्यक्रम कार्यालय मार्फत तथा संघ सस्थामार्फत संचालन गर्ने भनि छुट्याईएकोले सो को कार्ययोजना सम्बन्धमा ।

५. यस गढवा गाउँपालिकाको मध्यकालिन खर्चको संरचना निर्माण सम्बन्धमा ।

६. राष्ट्रिय भूमि आयोगको कार्यक्रम कार्यान्वयनका लागि थप कन्ट्रोल पोईन्ट थप गर्ने सम्बन्धमा ।

७. गरिब परिचयपत्र वितरण सम्बन्धी पत्राचार गर्ने सम्बन्धमा ।

८. गढवा ८ कोईलाबासमा २ थान प्रहरी विट निर्माण सम्बन्धमा ।

९. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अर्न्तगत नवीकरणीय उर्जा प्रविधि जडान (वायो ग्यास/विद्युतिय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) शीर्षकमा विनियोजित रकम रू आठ लाख बराबरको कार्यक्रम कार्यान्वयन लागि वडा छनौट सम्बन्धमा ।

१०. राष्ट्रिय भूमि आयोगको कार्यक्रम बमोजिम वडा स्तरिय सहजिकरण समिति गठन सम्बन्धमा ।

**निर्णय नम्बर १.** यस गाउँपालिकाको गत आ.व. २०७८/०७९ भए गरेका कामकार्वाही, सेवा प्रवाह, सुशासन, लगाएतका विभिन्न १० वटा विषयबस्तुहरूहरूका १०० वटा सूचकहरूमा प्रति सुचक १ अङ्कका दरले १०० पूर्णाङ्कमा यस गढवा गाउँपालिकाको ७४।७५ अङ्क प्राप्त भएकोले सो प्राप्ताङ्कलाई अनुमोदन गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नम्बर २.** यस गाउँपालिकामा राष्ट्रिय परिचय पत्र वितरणको लागि वडा तहबाट विवरण संकलन कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट खटिई आएका कर्मचारीहरू, उक्त कार्यका लागि फाराम भर्ने स्वयमसेवकहरू, तथा रूजु गर्ने कर्मचारीहरूको लागि कार्यक्रम अवधिभरका लागि प्रति वडा रू १५,०००।- का दरले खाजा खर्च उपलब्ध गराउने साथै अपुग भएमा आवश्यक्ता अनुसार थप गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ३.** यस गाउँपालिका अर्न्तगत विभिन्न स्वास्थ्य संस्थाहरूमा संचालन हुने एक्स–रे सेवाका सानो फिल्मको लागि रू २५० र ठुलो फिल्मको लागि रू ३०० दरले सेवा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ४.** यस गाउँपालिका अर्न्तगत महिला तथा बालबालिका शाखा अर्न्तगतका चालु आ.व. मा विनियोजित योजना तथा कार्यक्रमहरू शाखाबाट संचालन हुने तथा संघसंस्थाबाट संचालन हुने गरि विभाजन गरिएकोमा उक्त कार्यक्रमहरूको संचालन स्थान, संचालन मिति सहित महिला तथा बालबालिका शाखाबाट कार्ययोजना तयार गर्न लगाई आउँदो गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५.** यस गाउँपालिकाको योजना तर्जुमा तथा आय व्ययको प्रक्षेपन, कार्य संचालन तथा व्यवस्थापन सुव्यवस्थित गर्ने ध्ययले यस गढवा गाउँपालिकाको मध्यकालिन खर्चको संरचना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६.** यस गाउँपालिका राष्ट्रिय भूमि आयोगको कार्यक्रम अर्न्तगत यस गढवा गाउँपालिकाभित्र जग्गा नाँपजाँच कार्य गर्नु अघि आवश्यक पर्ने कन्ट्रो पोईन्ट यस अघि १०० थान मात्र राखिएको र वडा नम्बर १ र २ मा मात्र पर्याप्त भएकोले बाँकी वडाहरूको लागि समेत जग्गा नापजाँच कार्य यथाशिघ्र संचालनका लागि थप कन्ट्रोल पोईन्ट राख्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नम्बर ७.** यस गाउँपालिकामा नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्रम अन्तर्गत गरिब घर परिवार पहिचान कार्यक्रमको तथ्याङ्क संकलन तथा अनलाईन प्रविष्टि कार्य आ.व. २०७६/०७७ मा भएको र सोही बमोजिम गरिब परिचय पत्र वितरण गर्ने सम्बन्धमा यस अघि नै मन्त्रालयबाट गरिबहरूको सूचि, परिचय पत्र कार्ड, गरिब परिवार परिचय पत्र वितरण कार्यविधि,२०७९ समेत यस गाउँपालिकाको कार्यालयमा पठाईएकोमा उक्त परिचय पत्र वितरण गर्ने भनि पठाईएको सूचि र निजहरूको बास्तविक अवस्था हेर्दा विवरणमा धेरै नै त्रुटि भएको र सोही बमोजिम नै परिचय पत्र वितरण हुँदा वास्तविक गरिब झन पिडित हुने र सम्पन्न व्यक्तिहरूले समेत गरिबका नामबाट लाभ लिन सक्ने सम्भावना देखिएको छ जसबाट सामाजिक रूपमा द्वन्द फैलने देखिएकोले सो परिचय पत्र वितरण नगर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ८.** यस गाउँपालिका अर्न्तगत वडा नम्बर ८ मा रहेको नेपाल प्रहरीको कार्यालय र सशस्त्र प्रहरी सिमा सुरक्षा बलको कार्यालयलाई बोर्डर सिमानामा आवश्यक चेक जाँच प्रयोजनको लागि कार्यालयबाट कठिन भईरहेको तथा बाटोमै बसेर डिउटी गर्नका लागि एक/एक थान प्रहरी विट अत्यन्त आवश्यक परेकोले नाका क्षेत्रको सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै उक्त कार्यका लागि रू १ लाख बराबरको रकम यस गाउँपालिकाको विपद व्यवस्थापन कोषमा व्ययभार पर्नेगरि छुट्याउने र सोही रकमबाट २ थान प्रहरी विट निर्माण गरि उक्त कार्यालयहरूलाई यथाशिघ्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर ९.** यस गाउँपालिकामा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अर्न्तगत नवीकरणीय उर्जा प्रविधि जडान (वायो ग्यास/विद्युतिय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) शीर्षकमा विनियोजित रकम रू आठ लाख बराबरको कार्यक्रम कार्यान्वियन लागि यस गढवा गाउँपालिकाका वडा नम्बर १ र २ छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १०.** यस गाउँपालिकामा राष्ट्रिय भूमि आयोगको कार्यक्रम बमोजिम कार्यक्रम कार्यान्वियनका क्रममा आउनसक्ने सम्भावित विबाद तथा अन्य समस्या समाधानका लागि प्रत्येक वडामा वडा स्तरिय सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल